मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## साहित्य संगमका आजीवन सदस्यलाई प्रमाणपत्र

हेटौंडा, १४ चैत/साहित्य संगम मकवानपुरको ३६५ औं नियमित साहित्य सन्ध्या शनिबार सम्पन्न भएको छ । संगमका अध्यक्ष डिबि बर्तौंलाको सभाध्यक्षमा हेटौंडा-४ स्थित साहित्य संगम-सिस्नुपानी मकवानपुरको सभाहलमा नियमित साहित्य सन्ध्या भएको हो । नियमित साहित्य सन्ध्यामा राजुराम राउत, जनार्दन खनाल, सानु खनाल, हेमन्त ढुंगेल र देवराज तिवारी लगायतले रचनावाचन गरेका थिए । कार्यक्रममा संगमका आजीवन सदस्यताका लिएका सदस्यलाई सदस्यताका प्रमाणपत्र वितरण गरिएको थियो । यसवर्ष ८२ जनाले आजीवन सदस्यताका प्राप्त गरेका छन् । गत बैशाखमा भएको विशेष अधिवेशनले संघको विधान संशोधन गरी आजीवन सदस्यताको व्यवस्था गरिएको अध्यक्ष बर्तौंलाले बताएका छन् । उनका अनुसार १ सय ५२ जना साधारण सदस्य र ८२ जना आजीवन सदस्य गरी संगमको सदस्य संख्या २ सय ३४ पुगेको छ । आजीवन सदस्यताका लागि ३ हजार शुल्क निर्धारण गरिएको छ । संगमको अक्षयकोषमा १० लाखभन्दा बढी रकम जम्मा भइसकेको अध्यक्ष बर्तौंलाले जानकारी दिए । वडा नम्बर ४ का वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा साहित्यकार तुलसी घिमिरे, देवप्रसाद श्रेष्ठ, देवराज खरेल र पूर्णकला घिमिरेको विशेष आतिथ्यता रहेको थियो ।

# ओलीको पक्राउप्रति एमाले मकवानपुरको भर्त्सना र प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको पक्राउप्रति एमाले मकवानपुरले घोर निन्दा तथा भर्त्सना गरेको छ । नेकपा (एमाले) मकवानपुर जिल्ला कमिटीका कार्यवाहक अध्यक्ष हिदम लामाले विज्ञप्ती जारी गर्दै ओलीको पक्राउप्रति घोर निन्दा तथा भर्त्सना गरेका हुन् ।

विज्ञप्तीमा भनिएको छ, 'गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका घटनाको छानबीन गर्न गठन गरिएको कार्की आयोगको प्रतिवेदन सार्वजनिक नहुँदै प्रतिशोध र पूर्वाग्रहपूर्ण ढंगबाट गरिएको गिरफ्तारीले मुलुकलाई अनावश्यक द्वन्द्वतर्फ धकेल्ने काम गरेको छ ।' कानुनी प्रक्रिया र संवैधानिक मर्मलाई बेवास्ता गर्दै पूर्जी जारी गरी गरिएको पक्राउले कानुनी राज्यको उपहास भएको पनि विज्ञप्तीमा उल्लेख छ । कार्यवाहक अध्यक्ष लामाकाअनुसार यस्तो कदम गैरसंवैधानिक, गैरराजनीतिक र प्रतिशोधपूर्ण रहेको स्पष्ट देखिन्छ । उनले लोकतान्त्रिक अभ्यास, विधिको शासन र राजनीतिक सहिष्णुता माथि गम्भीर आघात पुगेको दाबी गरेका छन् ।



नेपाल कम्युनिस्ट पार्टी (एमाले) मकवानपुर जिल्ला कमिटीले पार्टीका अध्यक्ष ओलीको अविलम्ब रिहा गर्न जोडदार माग गर्दै यस्ता कार्यले मुलुकको राजनीतिक वातावरणलाई थप अस्थिर बनाउने चेतावनी दिएको छ । कार्यवाहक अध्यक्ष लामाले सरकारलाई कानुनी राज्य, लोकतान्त्रिक मूल्य र राजनीतिक मर्यादाको सम्मान गर्न आग्रह गरेका छन् ।

अध्यक्ष ओलीको गिरफ्तारी विरुद्ध नेकपा एमाले मकवानपुरले विरोध प्रदर्शन गरेको छ । पार्टी कार्यालयमा विरोध र्‍याली निकाल्दै एमाले कार्यकर्ता ओलीको रिहाइको माग गर्दै सडकमा निस्किएका हुन् ।

बुद्धचोकमा कोणसभा गरी उनीहरुले प्रदर्शन गरेका हुन् । शनिबार बिहान ओली गुण्डुस्थित निवासबाट पक्राउ परेका थिए । त्यसलगत्तै बसेको एमाले केन्द्रीय सचिवालय बैठकले सरकारको कदमको विरोध गर्दै राजनीतिक र कानुनी रुपमा प्रतिवाद गर्ने निर्णय गरेको थियो ।

### ओली र लेखकको गिरफ्तारी प्रतिशोधपूर्णः नेकपा एमाले

नेकपा (एमाले) ले पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओली र नेपाली काँग्रेसका नेता रमेश लेखकको गिरफ्तारीलाई प्रतिशोधपूर्ण र गैरकानूनी ठहर गरेको छ । पार्टीका उपाध्यक्ष रामबहादुर थापा 'बादल'को अध्यक्षतामा च्यासलस्थित केन्द्रीय कार्यालयमा बसेको सचिवालयको आकस्मिक बैठकले गिरफ्तारी लोकतान्त्रिक मूल्य र कानूनी शासनको मर्मविपरीत रहेको निष्कर्ष निकालेको हो । बैठकपछि महासचिव शंकर पोखरेलले पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्दै तत्काल रिहाइको माग गरेका छन् ।

अध्यक्ष ओली र नेता लेखकको गिरफ्तारीको निन्दा र भर्त्सना गर्दै तत्काल रिहाइको माग गर्ने निर्णय भएको बताए । यो कदम लोकतान्त्रिक मूल्य र कानूनी शासनको मर्मविपरीत रहेको ठहर एमालेको रहेको बताए । गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगको प्रतिवेदन पूर्वाग्रही र प्रतिशोधपूर्ण रहेको ठहर गर्दै घटनाको निष्पक्ष छानबीनका लागि सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय छानबीन आयोग गठन गर्न माग गरे । राजनीतिक दल, नागरिक समाज र आमजनसमुदायलाई कानूनी शासन, लोकतन्त्र र मानवअधिकारको रक्षाका लागि संयुक्त पहलकदमी गर्न अनुरोध गर्ने निर्णय भएको महासचिव पोखरेलको भनाइ छ ।

### सिडिओ कार्यालयमार्फत विरोधपत्र बुझाइने

महासचिव पोखरेलका अनुसार गिरफ्तारीको विरोधमा चैत्र १५ गते आइतवार देशभरका जिल्ला प्रशासन कार्यालयमार्फत् नेपाल सरकारलाई विरोधपत्र बुझाइने भएको छ । पार्टीसंवद्ध जनसंगठनले विरोध प्रदर्शनका कार्यक्रम सुरु गर्ने जानकारी दिए । उपाध्यक्ष विष्णु पौडेलले अन्य राजनीतिक दलसँग संवाद र समन्वयको नेतृत्व गर्नुहुने निर्णय भएको पनि महासचिव पोखरेलले बताए । बैठकले उपाध्यक्ष गोकर्ण विष्टले कानूनविदसँग परामर्श गरी कानूनी लडाइँको संयोजन गर्नुहुने निर्णय गरेको महासचिव पोखरेलले बताएका छन् । पार्टीले अध्यक्ष ओलीको गिरफ्तारीले संविधान, लोकतन्त्र र मानवअधिकारका पक्षधरलाई चिन्तित तुल्याएको छ र प्रतिशोधपूर्ण कारबाहीको दृढताकासाथ कानूनी र राजनीतिक प्रतिवाद गर्ने बताए । समस्त पार्टीपंक्तिलाई विचलित नभई एकताका साथ अगाडि बढ्न आह्वान गरेका छन् ।

# ८ महिनामा सडक दुर्घटनाबाट ४६ जनाले ज्यान गुमाए

साझाकुरा संवाददाता




हेटौंडा, १४ चैत/ मकवानपुरमा चालु आर्थिक वर्षको ८ महिनामा सडक दुर्घटनाबाट ४६ जनाले ज्यान गुमाएका छन् । साउनयता फागुन महिनासम्मको ८ महिनाको अवधिमा मकवानपुरमा भएका २ स ६५ वटा दुर्घटनामा ४६ जनाले ज्यान गुमाएका हुन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका अनुसार यसअवधिमा ३ सय ५४ वटा सवारी साधन दुर्घटनामा परेका छन् । यि सवारी साधनमध्ये सबैभन्दा बढी मोटरसाइकल २ सय २४ वटा परेका छन् । यस्तै दुर्घटनामा कार तथा जिप ४७ वटा, ट्रक तथा ट्याङकर ४५ वटा दुर्घटनामा परेका थिए । तेस्रोमा अटो ३४ वटा दुर्घटनाग्रस्त भएका ट्राफिक कार्यालयले जनाएको छ । यस्तै दुर्घटनामा बस १७ वटा, ट्र्याक्टर १० वटा, ट्रिपर ३ वटा, माइक्रोभ्यान २ वटा, स्काभेटर तथा लोडर एउटा, र साइकल तथा अन्य साधन ८ वटा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

यी दुर्घटनामा ४६ जनाको मृत्यु हुनुका साथै ५७ जना गम्भीर घाइते तथा ४ सय ७७ जना सामान्य घाइते भई प्रभावित बनेका छन् । नेपालका प्रमुख राजमार्गका साथै पूर्वपश्चिम राजमार्ग भएको तथा काठमाडौं छिर्ने बाटोहरु धेरै रहेकाले यस जिल्लामा सवारी दुर्घटना अत्यधिक हुने गर्दछ ।

यस क्षेत्रमा मानवीय कारण, सडकको बिग्रिएको अवस्था, मौसम बिग्रँदा, प्राकृतिक प्रकोपको कारण, यान्त्रिक कारण, पशुचौपाया तथा पैदलयात्रीले अनियन्त्रित हिसाबले बाटो काट्दा लगायत कारणले सडक दुर्घटना हुँदै आएको ट्राफिक कार्यालय मकवानपुरका प्रमुख बच्चुराम फुँयालले जानकारी दिएका छन् ।

पहिलेपहिले केहीवर्ष सडकको अवस्थाको कारण केही दुर्घटना हुने भएपनि पछिल्लो समय मानवीय कारण र यान्त्रिक कारणले बढी दुर्घटना हुने गरेको पाइएको उनको भनाइ छ । पछिल्लो समय दुर्घटना भएपछिको सुरक्षाजाँचका क्रममा चालकहरु मादकपदार्थ सेवन तथा लागुपदार्थ सेवन गरेको पाइएको उनले स्पष्ट पारेका छन् । यसअवधिमा भएका १ सय १४ जनाको लागूऔषध जाँचका क्रममा १२ जना सवारीचालकले लागूऔषध सेवन गरी सवारीसाधन चलाएको पाइएको थियो । यस्तै मादकपदार्थ सेवन गरी सवारी चलाउने ३ सय ४३ जनालाई कारबाही गरिएको प्रहरीको भनाइ छ ।

यस्तै यान्त्रिकरुपमा अचानक आउने समस्याको कारण पनि दुर्घटना भएका घटना धेरै रहेको प्रहरीको भनाइ छ । ट्राफिक प्रहरीले चालकसँग ५ मिनेट कार्यक्रम गरी सडकमै चालकलाई सचेत गराउने गरेको उनले बताए । यस्तै नयाँ सवारी चालकलाई कक्षा सञ्चालन, विद्यार्थी तथा व्यवसायीलाई पनि सचेतना कार्यक्रम गर्ने गरिएको छ । साउनयता फागुनसम्म ६ सय ३९ पटक गरी ४६ हजार ४ सय जनालाई सचेतना कार्यक्रममा गरिएको समेत ट्राफिकको भनाइ छ । सडक दुर्घटना न्यूनीकरणका लागि नियमितरुपमा ट्राफिक चेकजाँच गर्ने गरिएको फुँयालले बताए । यसअवधिमा भएका ९ हजार ५ सय ७३ वटा ट्राफिक कारबाहीबाट ८७ लाख ५३ हजार रुपैयाँ राजश्व संकलन भएको पनि उनले जानकारी दिए ।

ट्राफिक प्रहरीले सचेतना, जाँच तथा कारबाही र जरिवाना गर्दा दुर्घटनाको संख्यामा कमी नआएकोले अबको क्रममा स्थानीय सरकार पनि गम्भीर भएर सचेतनामा लाग्नुपर्ने प्रहरीको सुझाव छ । स्थानीय तहले नै विद्यालयमा सडक दुर्घटनाको विषयमा विभिन्न सचेतनामुलक कार्यक्रम गर्नुपर्ने, बाटो काट्ने नियम सिकाउने, ट्राफिक नियम मान्न उत्प्रेरित गर्ने, बिग्रिएका सडक मर्मतमा सडक विभागले तदारुकता देखाउने गरेमा सवारी चालकले सवारी चलाउनुअघि सवारी साधनको यान्त्रिक स्थिति जाँच गरेर मात्र यात्रा गर्ने, हतार गरेर सवारी नचलाउने इत्यादिमा ध्यान दिएमा सवारी दुर्घटनामा कमी आउनसक्ने प्रहरीनिरीक्षक फुँयालले बताए ।

# गढीमा भत्ताका लागि बायोमेट्रिक रुजु अनिवार्य




साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ मकवानपुरगढी गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीलाई अनिवार्य रुपमा बायोमेट्रिक रुजु गराउन आग्रह गरेको छ ।

गाउँपालिकाले सूचना जारी गर्दै बाँकी रहेका लाभग्राहीलाई तोकिएको समयभित्र वडा कार्यालयमा उपस्थित भई रुजु गराउन निर्देशन दिएको हो । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्रानुसार चालु आर्थिक वर्ष २०८२/८३ मा लाभग्राहीको बायोमेट्रिक रुजु नगरी सामान्य तवरले नवीकरण भएको थियो ।

हालसम्म कुल लाभग्राही मध्ये ७९.२ प्रतिशतले मात्र राष्ट्रिय परिचयपत्र नम्बरमार्फत रुजु गराएका छन् । बाँकी रहेका लाभग्राहीले मिति २०८२ चैत्र १६ गतेदेखि चैत्र ३० गतेभित्र अनिवार्य रुपमा आफ्नो स्थायी बसोबास रहेको वडा कार्यालयमा उपस्थित हुनुपर्नेछ । यो समयमा सम्बन्धित वडा कार्यालयले प्रणालीमार्फत् बायोमेट्रिक रुजु गर्ने व्यवस्था मिलाएको छ ।

रुजु प्रक्रियाका लागि लाभग्राहीले आफैं सक्कल नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र नम्बर र सामाजिक सुरक्षा भत्ता कार्ड लिएर उपस्थित हुनुपर्ने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ई.सुधन लामिछानेले जानकारी दिए । सबैका लागि अनिवार्य भनिए पनि बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने पूर्णअशक्त व्यक्ति र ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकका हकमा बायोमेट्रिक भेरिफिकेसन अनिवार्य गरिएको छैन ।

गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई थप व्यवस्थित र पारदर्शी बनाउन यो कदम चालेको हो । समयमै रुजु नगराएमा आगामी दिनमा भत्ता प्राप्त गर्न कठिनाइ हुन सक्नेतर्फ सरोकारवालालाई सचेत गराइएको छ ।

# श्रमिकमा पुनः कार्कीको नेतृत्व




साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा पुनः विवेक कार्की चयन भएका छन् ।

शनिबार भएको ५८ औं अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समिति गठन गरिएको हो । अभिभावक भेलाले अभिभावक मध्येबाट धनकुमारी खत्री, विष्णुमाया पाखिन, सानुलाल श्रेष्ठ र शंकर प्रसाद खतिवडा चयन भएका हुन् । अभिभावक प्रतिनिधि चयनपछि शनिबार नै बसेको विद्यालय व्यवस्थापन समितिको बैठकबाट विवेक कार्की र इन्द्रदेवी उप्रेती विद्यालय व्यवस्थापन समितिमा मनोनित भएका हुन् । विद्यालय व्यवस्थापन समितिमा वडाप्रतिनिधि जनरल श्रेष्ठ र शिक्षक प्रतिनिधि सुशील पोखरेल चयन भए । समितिका प्रधानाध्यापक सदस्य सचिव रहने व्यवस्था छ । समितिका अध्यक्ष कार्कीको अध्यक्षता तथा वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो ।

भेलामा वडाध्यक्ष सिग्देलले श्रमिक माविको शैक्षिक, भौतिक दुबै पक्षमा उल्लेख्य सुधार भएको बताएका छन् । श्रमिक माविले निकटभविष्यमै प्राविधिक विषय अध्यापन गराउने उनको भनाइ थियो । विद्यालयले स्थापना गरेको अक्षयकोषमा १० लाख रुपैयाँ पुगेको जानकारी प्राप्त भएको उल्लेख गर्दै उनले अक्षयकोषलाई २० लाख रुपैयाँ पुऱ्याउन वडाले थप ५ लाख रुपैयाँ उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरेका छन् । भेलामा अध्यक्ष कार्कीले पहिलो तीनवर्षे कार्यकालमा भएका कामका बारेमा जानकारी गराएका थिए ।

शैक्षिक तथा भौतिक विकासमा उल्लेखनीय काम भएको जानकारी दिँदै अध्यक्ष कार्कीले आगामी ३ वर्षमा विद्यार्थी संख्या एक हजार पाँचसय पुऱ्याउने बताए । विद्यालयमा ४ करोड रुपैयाँ लागतको २० कोठे भवन निर्माणको अन्तिमचरणमा रहेको पनि उनले जानकारी दिए । पूर्वप्राथमिक तहका कक्षामा जडान गरिएको सीसी क्यामरा अभिभावकले मोवाइलमै हेर्नसक्ने व्यवस्था गरिएको, पुस्तकालय र प्रयोगशाला व्यवस्थापनमा थप काम गर्नुपर्ने उनको भनाइ थियो । कार्यक्रममा विद्यालयको सल्लाहकार समितिका संयोजक रामकृष्ण थापा, पूर्वविद्यार्थी समाजका अध्यक्ष सुरेश श्रेष्ठ, श्रमिक क्रियाशील विद्यार्थी समूहकी अध्यक्ष सपना लामाको आतिथ्य थियो । १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा ७ सय ५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।



साझाकुरा

## हाम्रो कुरा

# बाँझो जग्गा उपयोगमा गढी

चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बाँझो जग्गा सदुपयोग कार्यक्रम सञ्चालन गर्न लागेको घोषणा गर्नु मकवानपुरगढीको स्थानीय विकास, कृषि आत्मनिर्भरता र सामाजिक-आर्थिक रुपान्तरणको दृष्टिले अत्यन्तै सकारात्मक र समयसापेक्ष कदम हो । सुबिधा खोज्दै सहरी क्षेत्रमा बढ्दो बसाइँसराइ, युवाशक्ति वैदेशिक रोजगारीमा पलायन र कृषिप्रति घट्दो आकर्षणका कारण गाउँपालिकाभित्र प्रशस्त खेतीयोग्य जमिन बाँझो अवस्थामा रहनु चिन्ताको विषय बनेको छ । यस्तो पृष्ठभूमिमा ल्याइएको यो कार्यक्रमले स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना र खाद्य सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । बाँझो जग्गा सदुपयोग कार्यक्रमको मुख्य उद्देश्य प्रयोगविहीन जमिनलाई पुन: उत्पादनशील बनाउनु हो । यसले कृषकलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्नुका साथै सामूहिक खेती, करार खेती वा सहकारी मोडेललाई समेत प्रवर्द्धन गर्न सक्छ ।

यदि स्थानीय आवश्यकता र भौगोलिक अवस्थालाई ध्यानमा राखी तरकारी, फलफूल, दलहन, तेलहन वा नगदेबालीको छनोट गरियो भने यस कार्यक्रमबाट दीर्घकालीन आर्थिक लाभ लिन सकिन्छ । विशेषगरी आयातमा निर्भर खाद्यान्न र तरकारीको विकल्प स्थानीय उत्पादनबाट पूरा गर्न सकिने सम्भावना यसै कार्यक्रमभित्र निहित छ । तर, कुनैपनि कार्यक्रम सफल हुन यसको कार्यान्वयन पक्ष बलियो हुनु आवश्यक छ । बाँझो जग्गा किन प्रयोगमा आउन सकेको छैन ? भन्ने यथार्थपरक अध्ययनबिना कार्यक्रम अघि बढाइयो भने अपेक्षित नतिजा आउन गाह्रो हुन्छ । जग्गा धनी विदेशमा हुनु, सिँचाइको अभाव, बजार सुनिश्चितता नहुनु, लगानीको कमी र प्राविधिक ज्ञानको अभाव जस्ता कारणलाई पहिचान गरी समाधानका उपाय पनि सँगसँगै अघि सारिनुपर्छ । यसका लागि गाउँपालिकाले कृषि प्राविधिकको सक्रिय भूमिका, बीउ-बिजन र मलमा अनुदान, सिँचाइ सुविधा र उत्पादनको बजारीकरणमा सहजीकरण गर्नुपर्ने देखिन्छ । यस कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष युवाको सहभागिता हो । यदि स्थानीय युवालाई उद्यमशील कृषककारुपमा अघि बढाउन सकियो भने बाँझो जग्गा मात्र होइन, गाउँको समग्र आर्थिक गतिविधि चलायमान बनाउन सकिन्छ । तालिम, सहुलियत ऋण र प्रविधिमा पहुँच दिएर युवालाई कृषि व्यवसायसँग जोड्नु आजको आवश्यकता हो । महिला र विपन्न समुदायलाई समेत प्राथमिकतामा राखेर समावेशी ढंगले कार्यक्रम सञ्चालन गरिनु सामाजिक न्यायको दृष्टिले उपयुक्त हुन सक्छ । बाँझो जग्गा सदुपयोग कार्यक्रम केवल खेतीगर्ने योजनामा सीमित नरही ग्रामीण समृद्धिको आधार बन्नुपर्छ ।

पारदर्शी छनोट प्रक्रिया, प्रभावकारी अनुगमन र स्थानीय जनसहभागितामार्फत् यो कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गर्न सकियो भने मकवानपुरगढी गाउँपालिका कृषि उत्पादन, रोजगारी र आत्मनिर्भरताको नमूना बन्न सक्छ । यसैले, यो पहललाई सबै सरोकारवाला पक्षले साझा जिम्मेवारीकारुपमा लिएर सफल बनाउनु आजको आवश्यकता हो । मकवानपुर गढी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार 'बाँझो जग्गा सदुपयोग कार्यक्रम'का लागि लाभग्राहीको अन्तिम सूची सार्वजनिक गरेको छ । गाउँपालिका कार्यालयले सूचना जारीगर्दै छनोट भएका कृषक, समूह र सहकारीलाई सम्झौताका लागि ३० दिनको समयसीमा दिएको छ । गाउँपालिकाले कृषिउत्पादन बढाउने र बाँझो जमिनलाई उपयोगमा ल्याउने उद्देश्यले सञ्चालित कार्यक्रमका लागि विभिन्न २६ वटा व्यावसायिक फर्म, कृषक समूह, सहकारी र कृषक छनोट गरेको छ । छनोट भएका लाभग्राहीले विभिन्न यन्त्र, उपकरण र पूर्वाधार सुधारका लागि अनुदान पाउनेछन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत १६ गते सोमबार ३० मार्च २०२६ । द्वादशी, चैत्र शुक्लपक्ष । चौलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:५९ सूर्यास्त ६:२० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : बादविवाद बढ्ने | तुला | : चिन्ता बढ्ने |
| वृष | : घरेलु काममा रुचि | वृश्चिक | : मान मर्यादामा वृद्धि |
| मिथुन | : प्रयासहरु फलदायी हुने | धनु | : लेनदेनको विवाद बढ्ने |
| कर्कट | : कुरा काट्नेहरु सक्रियता | मकर | : स्वास्थ्यमा सुधार हुने |
| सिंह | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | कुम्भ | : अध्ययनमा प्रगति हुने |
| कन्या | : अरुको विश्वास जित्न सकिने | मीन | : रोग एवम् चिन्ता बढ्ने |

# स्टाफ कलेजलाई सरकारको स्कूल बनाऊँ



✍ त्रिलोचन पोखेल

अमेरिका र इजरायलले इरानमाथि हमला गरेपछि पश्चिम एशियाको हवाई मार्ग अस्थिर भयो । त्यसको असर मेरो अमेरिका यात्रामा पनि पऱ्यो । यसअघि कहिल्यै नहिंडेको मार्ग काठमाडौं, दिल्ली, अदिसअबाबा हुँदै वासिङ्टन डीसीबाट चैत २४ गते यात्रा शुरु गर्नुपऱ्यो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सामान्यभन्दा केही कम भीड थियो । किनभने धेरै उडान प्रभावित भएका थिए । तर अपेक्षा गरे जस्तो सुनसान पनि थिएन । अध्यागमनमा भीड नभएकाले कर्मचारी पनि कम थिए ।

संयोगवश कर्मचारीहरूको जिम्मेवारी परिवर्तन हुने बेला रहेछ । डेस्कमा रहेका कर्मचारी उठेर गए तर अर्को कर्मचारी आउन केही समय लाग्यो । शायद दुई मिनेट मात्र । तर लाइनमा रहेका केही नेपाली यात्रुहरू असन्तुष्ट हुन थाले । "नेपालका कर्मचारी कहिल्यै नसुनि भए । यसरी बीचैमा छोडेर जान त मिल्दैन नि", एक जनाले भने । अर्कोले थपे, "अब ठेगान लगाउने पालो कर्मचारीको ।"

तेस्रोले अझ अगाडि बढेर भने, "बालेन सरकार बनाउन विदेशबाट आएर भोट हालियो । पुराना पार्टी र नेताको पत्तासाफ भयो । अबको सरकारले कर्मचारीलाई तह लगाउँछ । अर्को पटक नेपाल आउँदा सबै परिवर्तन भइसकेको हुन्छ ।" त्यसैबेला मेरो पालो आयो । तर ती शब्दहरूले मलाई पछ्याइरहे । म नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग आबद्ध छु । अध्यागमनमा कार्यरत धेरै कर्मचारीहरू पनि त्यहींबाट प्रशिक्षित भएका हुन्छन् । अध्यागमनमा जाँदा प्राय: मलाई चिन्ने कर्मचारी भेटिन्छन् । कर्मचारीले पाउने केही सुविधा मलाई पनि उपलब्ध हुन सक्छ । तर मलाई साधारण नागरिककै लाइनमा उभिन मन लाग्छ ।

सरकारी कर्मचारीको आलोचना सुन्दा म आफैंलाई नरमाइलो लाग्छ । मलाई मात्र होइन प्रतिष्ठानमा कार्यरत सबैलाई त्यस्तै असहज महसुस हुन्छ, शायद हाम्रो जिम्मेवारीले गर्दा होला । हामी त्यस्ता विषयहरू छलफलमा ल्याउँछौं र कसरी सुधार गर्न सकिन्छ भनेर ध्यान दिने गर्छौं । त्यो प्रयास पर्याप्त भएको छैन । अध्यागमनको संवादले मलाई पछ्याइरह्यो । कर्मचारीप्रति नागरिकको धारणा कसरी बदल्न सकिन्छ? नयाँ सरकार, जसले नागरिकको उच्च अपेक्षा पूरा गर्नुपर्नेछ-लाई प्रतिष्ठानले कसरी सहयोग गर्न सक्छ? विश्वका अन्य देशहरूले यस्ता संस्थाहरूलाई कसरी उपयोग गरेका छन्? र बदलिएको राजनीतिक सन्दर्भमा प्रतिष्ठानले आफैंलाई कसरी परिवर्तन गर्नुपर्छ? यो लेख ती प्रश्नहरूको खोजी हो ।

नेपाल राजनीतिक रूपमा ऐतिहासिक मोडमा उभिएको छ । भदौ २३ र २४ को विद्रोहपछि फागुन २१ मा सम्पन्न निर्वाचनले नेपालको राजनीतिक भविष्यको नयाँ मार्गचित्र कोर्दैछ । साँच्चै भन्ने हो भने कुनै पनि देशको राजनीतिक इतिहासमा नेपालमा अहिले देखिएको जस्तो नागरिक मत विरलै देखिन्छ । केही समयअघि बंगलादेशमा पनि युवा आन्दोलनपछि निर्वाचन भयो र दुईतिहाइ बहुमतको सरकार गठन भयो । तर त्यहाँ पुरानै दल सत्तामा फर्कियो । केही दिनअघि बंगलादेशका एक मित्रसँग लामो कुराकानी हुँदा उनले युवाहरूले व्यक्त गरेको परिवर्तनको माग त्यहाँको निर्वाचनले सम्बोधन गर्नेमा धेरै आशावादी देखिएनन् । नेपालको अवस्था भने फरक छ । यस निर्वाचनमा पुराना दलहरू पनि सहभागी भए तर मूलधारका भनिएका दलहरूलाई मतदाताले पछाडि धकेले भने भर्खरै गठन भएको, अझै पूर्ण संगठनात्मक आधार समेत नबनेको दललाई नागरिकले लगभग दुईतिहाइ समर्थन सहित राज्य सञ्चालनको जिम्मेवारी सुम्पिए ।

सरकार सञ्चालन एउटा महत्वपूर्ण विधा हो । त्यसका लागि विशेष क्षमता र कार्यदक्षता आवश्यक पर्दछ । स्थायी सरकारका रूपमा रहने सार्वजनिक प्रशासनको क्षमता विकास गर्न २०३९ सालमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान स्थापना भएको थियो । विश्वका धेरै देशमा यस्ता संस्थाहरूलाई 'स्कूल अफ गभर्नमेन्ट' अर्थात् सरकारको विद्यालय पनि भनिन्छ । मन्त्री, सांसद, मेयर र सरकारी कर्मचारीहरूले अध्ययन र संवाद गर्ने स्थल भएकाले यस्तो नाम दिइएको हो ।

मैले विभिन्न माध्यमबाट विश्वका यस्ता संस्थाहरूको अध्ययन गर्ने अवसर पाएको छु । त्यसबाट एउटा निष्कर्ष स्पष्ट हुन्छ– राजनीतिक परिवर्तनलाई संस्थागत गर्न राज्यको क्षमता विकास अनिवार्य हुन्छ । सरकारका लागि पनि निरन्तर सिकाइ आवश्यक हुन्छ । दैनिक सत्ता र शक्तिको अभ्यासबाट केही समय बाहिर आएर आत्ममूल्यांकन गर्ने, समस्यालाई फरक दृष्टिकोणबाट विश्लेषण गर्ने, अरूको विचार सुन्ने, सामूहिक समाधान खोज्ने र तथ्यमा आधारित निर्णय गर्ने अभ्यास आवश्यक हुन्छ । यस्तो वातावरण सामान्य प्रशासनिक संरचनाभित्र सहजै सम्भव हुँदैन । त्यसैले प्रतिष्ठान जस्ता संस्थाहरू आवश्यक हुन्छन् ।

भदौको आन्दोलन र फागुनको निर्वाचन पछि नेपाल नयाँ राजनीतिक चरणमा प्रवेश गरेको छ । सुशासन, पारदर्शिता र उत्तरदायित्वको माग गर्दै सडकमा उत्रिएको आन्दोलनले अन्तत: निर्वाचनमा ठूलो प्रभाव पाऱ्यो । परिणामस्वरूप दीर्घकालदेखि प्रभावशाली रहेका धेरै दल कमजोर बने र नयाँ राजनीतिक शक्तिले व्यापक जनसमर्थन प्राप्त गऱ्यो ।

यससँगै जनताको अपेक्षा पनि अत्यन्त उच्च भएको छ । नागरिकले अब केवल स्वच्छ राजनीति मात्र होइन–उत्तम शासन, तीव्र आर्थिक विकास, प्रभावकारी सार्वजनिक सेवा र भरोसायोग्य राज्यको अपेक्षा गरेका छन् । तर यसका लागि राजनीतिक परिवर्तन मात्रै पर्याप्त हुँदैन । अन्तत: सफलताको मापन अब बन्ने सरकारको गति र महत्वाकांक्षालाई राज्य संयन्त्रले कति साथ दिन सक्छ भन्नेमा निर्भर हुन्छ ।

राजनीतिक प्रतिबद्धतालाई व्यावहारिक परिणाममा रूपान्तरण गर्ने क्षमता कमजोर हुँदा सरकारका सुधार योजनाहरू असफल भएको विश्व अनुभवले देखाएको छ । यस्तो जोखिम अघिल्लो सरकार वा दलहरूप्रतिको वितृष्णाको परिणामस्वरूप लोकप्रयि मतबाट उदाएको राजनीतिक शक्तिमाथि झन् बढी हुने गर्दछ । नेपालमै पनि त्यसप्रकारका उदाहरण छन् । सरकारको सफलता नीति कार्यान्वयन, अन्तर निकाय समन्वय, प्रमाणमा आधारित नीति निर्माण र कार्यसम्पादनमुखी प्रशासनिक संस्कृतिमा गरिने सुधारले निर्धारण गर्छ ।

यही सन्दर्भमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको भूमिका अझ महत्वपूर्ण हुन्छ । अब प्रतिष्ठानले केवल प्रशिक्षण दिने संस्था मात्र नभई राज्य क्षमता निर्माणको राष्ट्रिय केन्द्रको रूपमा विकसित हुनुपर्ने आवश्यकता छ । विश्वका सफल उदाहरण हेर्दा सिंगापुरको सिभिल सर्भिस कलेज, बेलायतको गभर्नमेन्ट क्याम्पस, चीनको चाइनिज एकेडेमी अफ गभर्नेन्स, अमेरिकाको केनेडी स्कूल अफ गभर्नेन्स वा फिलिपिन्सको डेभलपमेन्ट एकेडेमी अफ फिलिपिन्स जस्ता संस्थाहरूले नेतृत्व विकास, नीति नवप्रवर्तन र सुधार कार्यान्वयनमा महत्वपूर्ण योगदान दिएका छन् ।

नेपालमा पनि प्रतिष्ठानले यस्तै भूमिका खेल्न सक्छ । पहिलो, प्रतिष्ठानले सरकारभित्र नेतृत्व क्षमता विकासमा केन्द्रीय भूमिका खेल्नुपर्छ । धेरै सुधारमुखी सरकारहरू असफल हुने एउटा कारण राजनीतिक र प्रशासनिक नेतृत्व बीच सुधारलाई कार्यान्वयन गर्ने सन्दर्भमा स्पष्ट समन्वय नहुनु हो । मन्त्री, सचिव लगायत उच्च तहका कर्मचारीहरू बीच नियमित र चनात्मक संवाद र नेतृत्व विकास कार्यक्रमहरूले यस्तो समन्वय सुदृढ बनाउन सक्छ । जसमा प्रतिष्ठानले भूमिका खेल्न सक्छ ।

दोस्रो, प्रतिष्ठानले नीति निर्माण तथा नीति-समस्या पहिचान प्रक्रियालाई सुधार गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । धेरै नीति असफल हुनुको प्रमुख कारण समस्या नै सही तरिकाले पहिचान वा परिभाषित नहुनु हो । विगत १५ वर्षदेखि सरकारी उच्च तहका कर्मचारीहरूसँगको अध्ययन-अध्यापनको अनुभवले पनि देखाएको छ कि नीति निर्माणमा प्रमुख कमजोरी प्राय: समस्याप्रेरित नीति निर्माण नभई समाधान-केन्द्रित वा नीति निर्माणकर्ताको व्यक्तिगत बुझाइबाट प्रेरित नीति बन्नु हो ।

नीति निर्माणलाई तथ्यपरक, विश्लेषणमा आधारित र साझा बुझाइमा आधारित बनाउन नीति प्रयोगशाला (पोलिसी ल्याब) र समस्या समाधान कार्यशालाहरू सञ्चालन गर्नु आवश्यक हुन्छ । यस्ता मञ्चहरूले सरकारी पदाधिकारी, अनुसन्धानकर्ता र व्यावहारिक विज्ञहरूलाई एउटै स्थानमा ल्याई नीति निर्माण प्रक्रियालाई अझ प्रभावकारी बनाउन मद्दत गर्न सक्छन् ।

तेस्रो, नयाँ सरकारका लागि सबैभन्दा ठूलो चुनौती नीति कार्यान्वयन र परिणाम देखाउनु हुनेछ । नागरिकहरूले छोटो समयमा सुधार देख्न चाहेका छन् । यस्तो अवस्थामा प्रतिष्ठानले मन्त्रालयहरूलाई स्पष्ट कार्यान्वयन योजना बनाउन, प्रगति अनुगमन गर्न र कामका क्रममा देखिने संस्थागत अवरोध वा जटिलताहरू समाधान गर्न सहयोग गर्ने संवाद, अध्ययन तथा अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गर्न सक्छ ।

चौथो, आजको सार्वजनिक प्रशासन झन् जटिल बन्दै गएको छ । डिजिटल शासन, डेटा-आधारित निर्णय प्रक्रिया, सामाजिक-आर्थिक परिवर्तन, विश्व राजनीतिक शक्ति सन्तुलन र क्षेत्रीय परिघटनाहरूले नीति निर्माण र कार्यान्वयनलाई नयाँ चुनौती थपेका छन् । यस्तो परिवर्तित शासन वातावरणमा काम गर्न आवश्यक नयाँ सीपहरू विकास गर्न प्रतिष्ठानले सार्वजनिक प्रशासन संयन्त्रको क्षमता अभिवृद्धिमा प्रभावकारी भूमिका खेल्न सक्छ । प्रतिष्ठानले शासकीय व्यवस्था सम्बन्धी राष्ट्रिय संवादको केन्द्र र अन्तर्राष्ट्रिय ज्ञान आदानप्रदान केन्द्रको रूपमा पनि भूमिका खेल्न सक्छ ।

पाँचौ, संघीय व्यवस्थाको प्रभावकारिताबारे नागरिकस्तरमा गुनासो सुनिन्छ । त्यसभन्दा बढी असन्तुष्टि कर्मचारीहरूमा पनि देखिने गरेको मैले अनुभव गरेको छु । प्रशिक्षणका क्रममा यस्ता गुनासा र असन्तुष्टि बारम्बार उठ्ने गर्छन्, विशेषगरी उच्च तहका कर्मचारीहरूमा । संघीय व्यवस्थालाई प्रभावकारी बनाउन यसको कार्यान्वयनबारे निरन्तर अध्ययन, अनुसन्धान र संवाद आवश्यक हुन्छ । यसका लागि प्रतिष्ठानले संघीयता अध्ययन केन्द्रका रूपमा भूमिका खेल्न सक्छ ।

जसरी राजनीतिक दलका लागि निर्वाचन जित्नु महत्वपूर्ण हुन सक्छ, त्यसैगरी नागरिकका लागि सेवा प्राप्ति महत्वपूर्ण हुन्छ । सेवा प्रवाहको गुणस्तर केवल राजनीतिक नेतृत्वको मात्र जिम्मेवारी होइन त्यसका लागि सम्पूर्ण प्रशासन सक्रिय हुनुपर्छ । नागरिकले परिवर्तनको पक्षमा मत दिएका छन् । अब जिम्मेवारी सरकार र सार्वजनिक प्रशासन प्रणालीमा छ– नागरिकको विश्वास कसरी जित्ने ?

आजका नागरिक छिट्टै विश्वास गर्छन्, अपेक्षा पूरा नभए छिट्टै आलोचना पनि गर्छन् । त्यसैले प्रभावकारी सार्वजनिक प्रशासन निर्माण गर्न प्रतिष्ठानको भूमिकामा परिवर्तन आवश्यक छ । तर यसका लागि सरकारको दृष्टिकोण पनि बदलिनु आवश्यक छ । 'स्कूल अफ गभर्नमेन्ट' जस्ता संस्थाहरूलाई केवल तालिम केन्द्रका रूपमा हेर्दा तिनको सम्भावना पूर्ण रूपमा उपयोग हुन सक्दैन ।

सक्षम र उत्तरदायी राज्य निर्माणका लागि नेपाल प्रशासनिक प्रतिष्ठानलाई सुधार प्रक्रियाको रणनीतिक साझेदारका रूपमा हेर्नुपर्छ– केवल प्रशिक्षण प्रदायकका रूपमा होइन । भदौ विद्रोहले देखाएको जनआकांक्षा केवल राजनीतिक परिवर्तनमा सीमित छैन त्यसले राज्य सञ्चालनको शैली नै बदलिनुपर्ने संकेत गरेको छ । यदि नयाँ सरकारले आफ्नो राजनीतिक महत्वाकांक्षालाई प्रशासनिक क्षमतासँग सफलतापूर्वक जोड्न सक्यो भने नेपाल वास्तवमै सुशासन र विकासको नयाँ चरणमा प्रवेश गर्न सक्छ । र त्यस यात्रामा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

विमानस्थलमा सुनिएको गुनासो त्यहाँ मात्र सीमित छैनह यो सार्वजनिक प्रशासनप्रति नागरिकमा बढ्दै गएको असन्तुष्टिको संकेत हो । तर यो चित्रको अर्को पक्ष पनि छ । निजामती सेवामा योग्य र प्रतिबद्ध युवाहरू प्रवेश गरिरहेका छन् । अहिले पनि प्रतिष्ठानमा करिब २०० युवा अधिकृतहरू प्रशिक्षणमा छन् । सरकारले उनीहरूको क्षमताको सही उपयोग हुने वातावरण निर्माण गर्नुपर्छ–उनीहरूलाई विश्वास गर्ने, जिम्मेवारी दिने र उनीहरूको ऊर्जालाई परिणाममा रूपान्तरण गर्ने । नेपालको सार्वजनिक प्रशासनको मुख्य चुनौती जडता (इनर्सिया) र घर्षण (फ्रिक्सन) हो, जसले प्रशासनको गतिलाई रोकिरहेको छ । अबको सरकारले यसलाई तोड्नुपर्छ । त्यसका लागि सरकारको विद्यालयका रूपमा रहेको प्रतिष्ठानलाई केवल तालिम दिने संस्थाको रूपमा होइन, राज्य क्षमता निर्माण गर्ने साझेदारका रूपमा प्रयोग गर्दै जिम्मेवार बनाउनु आवश्यक छ ।

*(साभार: अनलाइनखबर)*

# जनताको नयाँ जनादेश र जनअपेक्षा

✍ चन्द्र काफ्ले

जनताको नयाँ जनादेश उत्साहजनक छ । पुराना पार्टीहरुबाट मुलुकभित्र सृजना गरेका विभिन्न विकृति-विसंगति, भ्रष्टाचार समेतका गतिविधिलाई गम्भीर रुपमा लिई अब पुराना नेताहरुबाट मुलुकका तमाम समस्या समाधान हुन सक्दैन भन्ने निष्कर्षमा उनीहरु पुगे । त्यसैले यसपटक जनताले नयाँ पार्टी एवं नेताप्रति आशा र भरोसा राखेर मतदान गरेका छन् । झन्डै दुई तिहाइ मत नयाँ पार्टी अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्राप्त गरेको छ । अब जनताको आशा र भरोसाअनुसार रास्वपा सरकारले मुलुकका तमाम समस्याहरुको समाधान गर्न नेपालको भूराजनीतिक अवस्थालाई बुझेर अघि बढ्नेछ भन्ने विश्वास लिइएको छ ।

लाग्छ, जनताको वर्तमान जनादेश स्वाभाविक छ । किनभने यो मुलुकमा धेरै लामो समयदेखि सरकारले स्थायित्व प्राप्त गर्न सकेन । सरकारमा बस्ने र प्रतिपक्षमा बस्ने सबै नेता एवं तिनका पार्टीहरु कुर्सीको खेलमा मात्र लागिरहे । कसरी सरकारलाई गिराउने र आफू मात्र सत्तामा पुग्ने कुरामा प्रतिपक्ष अहोरात्र लागिर ह्यो । यता सत्तासीन पार्टी साम, दाम, दण्ड, भेद नीति अपनाएर जसरी पनि सत्तामा टिकिरहने कुरामा नै लागिरह्यो । परिणामस्वरुप न सरकारले स्थायित्व प्राप्त गऱ्यो, न जनताको समस्याको समाधान गऱ्यो । यस्ता विविध कारणले जनता अब बलियो, स्थिर सरकार हुनुपर्छ भन्ने कुराको निष्कर्षमा पुगे । र, नयाँ पार्टीले केही गर्न सक्छ भन्ने विश्वासका साथ स्थिर र बलियो सरकार होस् भन्ने पक्षमा जनताले मतदान गरे । फलस्वरुप रास्वपाले झन्डै दुई तिहाइ सिट ल्यायो । यस अर्थमा यो जनादेश स्वाभाविक छ ।

यो सरकार सम्पूर्ण नेपाली जनताको सरकार भएको हुनाले सबै पार्टी एवं विभिन्न तह-तप्काका जनसमुदायलाई समेत विश्वासमा लिएर काम गर्नुपर्दछ । यसो भयो भने मुलुकले आर्थिक र सामाजिक विकासको गति लिन सक्छ । र, राष्ट्रिय समस्याहरुको समाधान पनि हुँदै जानेछ ।

जनता सार्वभौमसत्ता सम्पन्न भएकोले उसले एकपटक चुनावमा मत दिएपछि करिब पाँच वर्षसम्म आफूले चुनेर पठाएको प्रतिनिधि एवं सरकारले बाचा गरेको काम कुन हदसम्म सम्पन्न गऱ्यो, राष्ट्रको सार्वभौमसत्ता, राष्ट्रियता र स्वतन्त्रताको संवर्द्धन गर्नमा कति काम गऱ्यो, त्यो हेरिरहेको हुन्छ । विकराल रुप लिएको बेरोजगारी समस्या समाधानमा कति सक्रिय रह्योजस्ता जनताका जल्दाबल्दा समस्या समाधान गर्न सरकारले कति योगदान गऱ्यो भन्ने कुराको समेत जनताले निगरानी गरिरहेका हुन्छन् । यसपटक पनि जनताले यो सरकारले आफ्ना जल्दाबल्दा समस्याहरु समयमै समाधान होस् भन्ने खोजिरहेका छन् ।

जनता यति बेला पनि पर्ख र हेरको अवस्थामा रहेको देखिन्छ । यसपालिको चुनावमा विगत ५ वर्षभित्रका सरकारले विभिन्न समस्याको समाधान गर्न योगदान दिन नसकेको निष्कर्षमा जनता पुगे । हामी केही गर्छौं, मुलुकको समस्या समाधान गर्छौं भन्ने नयाँ प्रतिनिधि र पार्टीप्रति ठूलो आशा र भरोसाका साथ जनताले मतदान गरी आफ्नो अधिकार प्रयोग गरे । बालेन साहको नेतृत्वको सरकारले केही गर्छ भन्ने जनतामा आशा र भरोसा रहेको छ । अब जनताले ५ वर्षसम्म यो सरकारले घोषणा गरेको कार्यक्रमअनुसार काम गर्छ कि गर्दैन, जनताले मूल्याङ्कन गर्छन् र आगामी चुनावमा सोही अनुसार फैसला गर्छन् ।

बालेन सरकारले सर्वप्रथम नेपालको भूराजनीतिक अवस्थालाई गम्भीर भएर गहिरोसँग अध्ययन गर्नुपर्छ । मुलुकको राष्ट्रियता, स्वतन्त्रता र सार्वभौमसत्तामा कहीँ-कतैबाट आँच आउन सक्ने अवस्थालाई रोक्नुपर्छ । प्रजातन्त्रका मूल्य र मान्यतालाई प्रवर्द्धन गर्दै जानुपर्दछ । साथै मुलुकभित्रको शक्ति सन्तुलन कायम गर्न राष्ट्रिय शक्तिहरुका बीचमा एकता कायम गर्नुपर्दछ । भूराजनीतिलाई विचार गरेर छिमेकीसहित सम्पूर्ण मित्रराष्ट्रहरुसँग सुमधुर सम्बन्ध बनाउँदै मुलुकको आर्थिक विकास, बेरोजगारी समस्याको समाधानतर्फ बालेन सरकार सक्रिय हुनुपर्दछ । यो सरकार सम्पूर्ण नेपाली जनताको सरकार भएको हुनाले सबै पार्टी एवं विभिन्न तह-तप्काका जनसमुदायलाई समेत विश्वासमा लिएर काम गर्नुपर्दछ । यसो भयो भने मुलुकले आर्थिक र सामाजिक विकासको गति लिन सक्छ । र, राष्ट्रिय समस्याहरुको समाधान पनि हुँदै जानेछ ।

अब मुलुकले कुन मोड लेला ? भनेर अहिल्यै भविष्यवाणी गर्न सकिँदैन । तर जनताले जुन आशा र भरोसाका साथ मतदान गरेका छन र विजयी गराएका छन्, ती जनप्रतिनिधिहरुले मुलुक र जनताको हितमा पुराना सरकारका गल्ती नदोहोऱ्याई काम गरेमा मुलुकले काँचुली फेर्न सक्छ । हाल जनताले यो सरकारप्रति ठूलो आशा र भरोसा गरेका छन् । तर पनि अहिले नै मूल्याङ्कन नगरी केही दिन अर्थात् कम्तीमा सय दिनसम्म कुर्नुपर्दछ । त्यसपछि मात्र 'हुने बिरुवाको चिल्लो पात वा नहुने बिरुवाको फुस्रो पात' भन्ने उक्तिलाई मध्यनजर राखेर जनताले मूल्याङ्कन गर्नेछन् ।

यसपटकको निर्वाचनमा पूरै जेनजीहरुले रास्वपालाई मत दिए भन्ने कुरामा केही सत्यता छ । तर जेनजीहरुको बीचमा मत बाझिएको कुरा सार्वजनिक रुपमै आएको हुनाले जेनजीको सबै मत रास्वपालाई पऱ्यो भन्ने लाग्दैन । जेनजीहरुसहित बहुमत जनताको मतचाहिँ निश्चित रुपमा रास्वपालाई परेकोले बढी सिट जित्न सफल भएको हो ।

पुराना पार्टीहरुले समेत मुलुकको राष्ट्रिय राजनीतिमा केही हदसम्म महत्वपूर्ण भूमिका खेलेका हुन् र थिए । ती पार्टीहरुले विगत चुनावमा जनतालाई दिएका बाचा पूरा नगर्दा र मुलकभित्र राजनीतिक, आर्थिक, सामाजिक विकृतिहरुको समाधान गर्न नसक्दा तिनीहरुप्रति जनताको भरोसा टुटेको हो ।

अब ती पार्टीहरुले संसदीय प्रजातन्त्रको पक्षमा, मुलुकको भूराजनीतिको पक्षमा, मुलुकको अस्मिताको पक्षमा, राष्ट्रिय शक्तिहरुबीचको एकताको पक्षमा र मुलुकका भ्रष्टाचार, बेरोजगारी लगायत जल्दाबल्दा समस्याको समाधानको पक्षमा सरकारलाई खबरदारी गर्ने अनि रचनात्मक सहयोग गरी अघि बढ्न सके भने जनताले फेरि पुराना पार्टीलाई विश्वास गर्न सक्छन् ।

हालको अवस्थामा यो सरकारलाई प्रतिपक्षले समेत सहयोग गरेमा मात्र उनीहरुको लागि मुलुक र जनताले दिएको अभिमतको कदर गरेको ठहर्छ । राम्रो कुरामा प्रतिपक्षसँग वर्तमान सरकारले पनि आवश्यक सहयोग लिएर अघि बढे त्यो पनि राम्रै हुनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

ओली-लेखक पक्राउ :

# प्रतिशोध कि अनुसन्धानको वैधानिक प्रक्रिया ?



काठमाडौं/कार्यकारी अधिकार कार्यान्वयन गर्ने क्रममा भएका घटनाको अनुसन्धानमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली पक्राउ परेका छन् । उनीसँगै उनकै मन्त्रिपरिषद्मा रहेका गृहमन्त्री कांग्रेस नेता रमेश लेखक पनि पक्राउ परेका छन् । जेनजी आन्दोनलका क्रममा नागरिकहरू मारिएको घटनामा जिम्मेवार ठह-याउँदै त्यसको अनुसन्धानका लागि उनीहरू पक्राउ परेका हुन् ।

पक्राउलगत्तै स्वास्थ्य अवस्थाका कारण पूर्वप्रधानमन्त्री ओली त्रिवि शिक्षण अस्पताल भर्ना भएका छन् भने लेखक महाराजगञ्ज स्थित प्रहरीको २ नम्बर गणमा रहेका छन् । पक्राउको विरोधमा एमाले कार्यकर्ताहरु सडकमा आएका छन् । ओली र लेखकको पक्राउसम्बन्धी विषय भने अब न्यायालयको विषय बन्ने निश्चित भएको छ । मुलुकी फौजदारी कार्यविधि संहिता अनुसार, प्रहरीले ओली र लेखकलाई भोलि जिल्ला अदालत काठमाडौंमा उपस्थित गराउनेछ ।

पक्राउको विरोधमा एमाले र कांग्रेस निकट कानून व्यवसायीहरू सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिने तयारी गरेका छन् । उनीहरूबीच संयुक्त रुपमा निवेदन लिएर सर्वोच्च अदालत जानेबारे समेत छलफल चलिरहेको छ । जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनको विषयलाई लिएर कानुनविद् र राजनीतिज्ञ विभाजित छन् । कतिपयले जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनलाई स्वभाविक र प्रक्रियासम्म भनेका छन् । कतिपयले कार्यविधि कानुनको उल्लंघन गरी राजनीतिक प्रतिशोधका आधारमा पक्राउ गरिएको भनेर सरकारको आलोचना गरेका छन् ।

**प्रतिवेदन कार्यान्वयन स्वभाविक कि अस्वाभाविक ?**

कतिपय व्यक्तिहरूले जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनमा जानुलाई स्वभाविक मानेका छन् । उनीहरुका अनुसार, प्रतिवेदनलाई आधार मानेर जाहेरी र अरु अनुसन्धानका आधारमा मुद्दा चल्ने वा नचल्ने निर्णय हुनसक्छ । अनुसन्धानका क्रममा ओली र लेखक निर्दोष भए अदालतले उनीहरूलाई रिहा गर्न आदेश दिनसक्ने भन्दै उनीहरूले प्रतिवेदन कार्यान्वयनकै क्रममा प्रश्न उठाउन नहुने तर्क गरेका हुन् ।

२०६२/६३ सालको जनआन्दोलन दमनबारे जाँचबुझ गर्न गठन भएको आयोगका अध्यक्ष रहेका पूर्वन्यायाधीश कृष्णजंग रायमाझी प्रतिवेदन लागू गर्ने क्रममा अघि बढेको अनुसन्धानलाई स्वभाविक मान्छन् । 'सरकारले प्रतिवेदन लागू गर्ने भनेपछि त्यसक्रममा पक्राउ गरेर अनुसन्धान अघि बढाएको होला,' उनी भन्छन्, 'प्रहरीले अनुसन्धानका क्रममा उहाँलाई लिएर गएको छ, अदालतबाट म्याद थप गर्ला । अनि सोधपुछ र बयान होला ।'

रास्वपाका सांसद एवं अधिवक्ता यज्ञमणि न्यौपाने सरकारको निर्णयलाई स्वभाविक मान्छन् । उनका अनुसार, जाँचबुझ आयोगको प्रतिवेदन र त्यसलाई कार्यान्वयन गर्ने निर्णयका आधारमा अनुसन्धान अघि बढाउने क्रममा ओली र लेखक पक्राउ परेका हुन् । 'प्रमाण नष्ट हुने, अभियुक्त फरार हुने वा अनुसन्धानमा अवरोध पुग्ने तथा दलबल देखाएर अवरोध गर्न खोज्ने सम्भावना देखिन्छ, त्यस्तो अवस्थामा राज्यले ढिलाइ सहन सक्दैन,' न्यौपाने भन्छन्, 'त्यसैले जरुरी पक्राउ पुर्जीको व्यवस्था गरिएको हो । त्यसअनुसार काम भएको छ ।'

राष्ट्रिय राष्ट्रिय मानव अधिकार आयोगकी पूर्वसदस्य एवं अधिवक्ता मोहना अन्सारीले शुक्रबार संचारकर्मीसँग प्रतिक्रियामा फौजदारी अनुसन्धान अघि बढाउन जाहेरी र जाँचबुझ प्रतिवेदन आधार हुने बताएकी थिइन् ।

त्यो घटनामा कयौं प्रत्यक्षदर्शी, सिसिटीभी फुटेज लगायतका प्रमाणहरू रहेको र तिनको विश्लेषणका आधारमा कारबाही अघि औंल्याउँदै उनले कतिपय जटिलताका विषय र गम्भीर मानव अधिकार उल्लंघनका सवालमा कानुन संशोधन गरेर भएपनि कारबाही अघि बढ्नसक्ने बताएकी थिइन् ।

अधिवक्ता अन्सारीले आफ्नो प्रतिक्रिया दिने बेलासम्म सरकारले ओली र लेखकको पक्राउ प्रक्रिया गोप्य नै राखेको थियो । राती नै मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका सिलासिलमा थप निर्णयहरु गरेर शनिबार बिहान उनीहरु पक्राउ परेका हुन् । जेनजी मुभमेन्ट नेपालले भदौ २३ को घटनामा संलग्न तत्कालीन गृह प्रशासन तथा सुरक्षा निकायका जिम्मेवार व्यक्तिहरूलाई समेत पक्राउ गरी कारवाही अघि बढाउन माग गरेको छ ।

'दमनकारीलाई बचाउने षड्यन्त्र कहीं कतैबाट नहोस् भन्नेमा हामी सचेत छौं,' उसले वक्तव्यमार्फत भनेको छ, 'यदि यस्ता प्रयासहरू भएमा देशैभरि युवाहरू थप सशक्त र संघर्षमा उत्रिन बाध्य हुनेछन् ।'

**कार्यविधि र प्रक्रियामा प्रश्न**

मन्त्रिपरिषद्को निर्णय प्रमाणीकरण नहुँदै कार्की आयोगको निर्णय कार्यान्वयनमा सरकारले देखाएको हतारोले भने कयौं प्रश्नहरू उठेका छन् । ओली निकट र कतिपय अन्य कानुन व्यवसायीहरूका अनुसार, शनिबार बिहानसम्म ओली र लेखक पक्राउ गर्नेगरी भएका कामकारबाहीमा कयौं कार्यविधिगत प्रश्नहरू छन् ।

जाँचबुझ आयोगको निर्णय कार्यान्वयनका लागि सरकारले गरेको निर्णयलाई पूर्वमहान्यायाधिवक्ता रमेश बडाल पूर्वाग्रहयुक्त ठान्छन् । केहीलाई तत्काल मुद्दा चलाउने र केहीका लागि अध्ययन समिति गठन गर्ने निर्णयले अनुसन्धान निष्पक्ष नहुने र प्रतिशोधयुक्त देखिने उनी बताउँछन् । सरकारले नै गरेको निर्णय कार्यान्वयन हुने हो भने सुरक्षाकर्मी बाहेक अरु व्यक्तिहरु पक्राउ हुने अवस्था रहन्थ्यो । पूर्वप्रधानमन्त्री ओली, तत्कालीन गृहमन्त्री लेखकका साथै तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी र काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजालमाथि अनुसन्धान हुनुपर्ने थियो ।

मन्त्रिपरिषद्को सैद्धान्तिक निर्णयका आधारमा गृहमन्त्री सुदन गुरुङले ओली र लेखकमाथि तत्काल अनुसन्धान अघि बढाउनु भनी व्यक्ति तोकेर निर्णय गरिदिए । र, त्यसका आधारमा भएको पत्राचार प्रहरी मुख्यालय, उपत्यका प्रहरी कार्यालय हुँदै काठमाडौं र भक्तपुरको प्रहरी परिसरमा पुगेको थियो ।

प्रहरीले ओली र लेखकलाई पक्राउ गर्न रातारात पक्राउ गरेको थियो । उनीहरूलाई पक्राउ गर्न मुलुकी फौजदारी कार्यविधि संहिता ऐनको अनुसूची-९ अनुसार, जरुरी पक्राउ पूर्जी जारी भएको देखिन्छ । तर, संहिता ऐनको दफा ९(६)मा व्यक्ति भाग्ने उम्कने अनि प्रमाण, दसी वा सबूत नष्ट गर्ने कारण भएमा मात्रै जरुरी पक्राउ पूर्जी जारी गर्नमिल्छ, अरु अवस्थामा भने अदालतबाट अनुमति लिएर मात्रै पक्राउ गर्नुपर्ने व्यवस्था छ । यसले गर्दा पनि सरकार र प्रहरीको कामकारबाहीमा प्रश्न उठेको हो ।

न्यायपरिषद्का सदस्य एवं वरिष्ठ अधिवक्ता रामप्रसाद श्रेष्ठ जाँचबुझ आयोगको प्रतिवेदन र अरु प्रमाणका आधारमा कारवाही अघि बढाउन मिल्ने भएपनि ओली र लेखकको हकमा सरकारले अलि हतारो गरेको टिप्पणी गर्छन् ।

'नयाँ सरकारले अलि हतारो गरेजस्तो देखिन्छ । कानुनी कारबाही अघि बढाउन अरु अनुसन्धान गर्नैपर्छ, यत्तिको भरमा पुग्दैन,' उनी भन्छन्, 'प्रधानमन्त्री र गृहमन्त्री जस्तो ओहोदामा पुगिसकेका मानिसहरूलाई पक्राउ नै नगरी पनि अनुसन्धान अघि बढाउन सकिन्थ्यो ।' पक्राउको पक्ष र विपक्षमा आ-आफ्नो तर्ककाबीच प्रहरीले ओली र लेखकमाथि थप प्रमाण जुटाउन सक्ने समय छैन ।

**अब के हुन्छ ?**

आइतबार दिनभरमा उनीहरूलाई म्याद थपका लागि जिल्ला अदालतमा पेश गर्नुपर्छ । अर्कोतिर दुवैजनाको पक्राउ विरुद्ध सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन पेश हुने देखिन्छ । जिल्ला अदालतले आइतबार र सर्वोच्च अदालतले सोमबार गर्ने प्रारम्भिक सोधपुछ र सुनुवाइपछि ओली र लेखकको थुनाको बाँकी अवधि तय हुने देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# आईपीएल २०२६ : कोहली र पडिक्कलको अर्धशतकमा बेंगलुरुको शानदार विजयी सुरुवात

काठमाडौं/देवदत्त पडिक्कल र विराट कोहलीको अर्धशतक तथा कप्तान रजत पाटिदारको आक्रामक पारीमा शनिबारदेखि सुरु भएको इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेट २०२६ मा साविक विजेता रोयल च्यालेन्जर्स बेंगलुरुले विजयी सुरुवात गरेको छ ।

घरेलु मैदान एम चिन्नास्वामीमा भएको खेलमा बेंगलुरुले सनराइजर्स हैदराबादलाई ६ विकेटले पराजित गरेको हो । हैदराबादले दिएको २०२ रनको बलियो लक्ष्य बेंगलुरुले १५.४ ओभरमै पूरा गऱ्यो । आईपीएल इतिहासमा २०० भन्दा बढीको लक्ष्य सबैभन्दा छिटो चेज भएको हो । बेंगलुरुको जितमा कोहलीले अविजित रहँदै ३८ बलमा ६९ रन बनाए । उनले ५ चौका र ५ छक्का प्रहार गरे । पडिक्कलले २६ बल खेल्दै ७ चौका र ४ छक्का सहित ६१ रन बनाए । विराट कोहली कप्तान रजत पाटिदारले १२ बलमा ३१ रनको आक्रमक पारी खेले ।

हैदराबादका लागि डेभिड पेनले २ विकेट लिए भने जयदेव उनादकट र हर्श दुबेले १-१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हैदराबादले २० ओभरमा ९ विकेट गुमाएर २०१ रन बनाएको थियो । कप्तान इशान किशनले ३८ बलमा सर्वाधिक ८० रन बनाए भने अनिकेत वर्माले २१ बलमा ४३ रन बनाए । हेनरिच क्लासेनले ३१ रन बनाए । हैदराबाद २९-३ मा भएको अवस्थाबाट किशन र क्लासेन मिलेर ९७ रनको साझेदारी गरेका थिए । फिल साल्टको शानदार क्याचमा क्लासेन आउट भएका थिए भने सेट ब्याटर किशनको क्याच पनि साल्टले नै लिएका थिए ।

# हृदयरोग निवारण प्रतिष्ठान थाहाको तेस्रो साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/नेपाल हृदयरोग निवारण प्रतिष्ठान नेपाल थाहानगर इकाई समितिको तेस्रो साधारणसभा सम्पन्न भएको छ ।

थाहा नगरको थानाबजार स्थित गंगा होटलमा साधारणसभा भएको हो । प्रतिष्ठानका थाहानगर इकाई अध्यक्ष बिमलकुमार ढकालको अध्यक्षता तथा थाहा नगरप्रमुख बिष्णु बिष्टको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा विशिष्ट अतिथिको रुपमा थाहानगर उपप्रमुख भरत गोपाली, प्रतिष्ठानका मकवानपुर जिल्ला अध्यक्ष बिजयकुमार वैद्यको उपस्थिति रहेको थियो भने कार्यक्रममा ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख रुक्सा बज्राचार्य, पाण्डुकेश्वर क्षेत्र विकास समितिका अध्यक्ष जनक हमाल, दामन रेडक्रस सोसाइटीका पूर्वसभापति अरुण रायमाझी लगायतको अतिथिको उपस्थिति रहेको थियो ।

साधारणसभामा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर बिष्ट, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकाल, जनकल्याण माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक सानोभाइ कार्कीले शुभकामना मन्तव्य व्यक्त गरे । साधारणसभामा अध्यक्ष ढकालले प्रतिष्ठानको कार्य र भविष्यका योजनाको बारेमा जानकारी दिँदै संस्थाको समग्र प्रगतिको मार्गदर्शन गरे ।

प्रमुखअतिथि नगरप्रमुख बिष्टले प्रतिष्ठानको महत्वपूर्ण कार्यको सराहना गर्दै यसका कार्यक्रमलाई थप प्रोत्साहन प्रदान गर्ने प्रतिबद्धता जनाए । कार्यक्रमको संचालन थाहा नगरसचिव सहदेव ढकालले गरेका थिए भने उपसभापति गीता कार्कीले उपस्थितलाई स्वागत गरेकी थिइन् ।

# 'परालको आगो'को 'दुःख सुख जिन्दगानी' गीतमा प्रकाश र सुहानाको नृत्य

काठमाडौं/आगामी बैशाख ११ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'परालको आगो'को दोस्रो गीत 'दुःख सुख जिन्दगानी' सार्वजनिक गरिएको छ । लोकलयमा आधारित यस गीतमा प्रकाश सपूत र शान्तिश्री परियारको स्वर रहेको छ भने शब्द तथा संगीत प्रकाश स्वयंको हो । गीतमा युवायुवतीले एकअर्कासँग गरेको वाचा र प्रेमभावलाई प्रस्तुत गरिएको छ ।



रामजी लामिछानेले कोरियोग्राफी गरेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी प्रकाश सपूत र सुहाना थापा देखिएका छन् । फिल्ममा दम्पतीको भूमिकामा रहेका उनीहरूलाई भिडियोमा घाँस-दाउरा, चुलोचौको, खेतीपाती गर्दै गरेको देख्न सकिन्छ । दुवैले आकर्षक नृत्य पनि प्रस्तुत गरेका छन् । ग्रामीण परिवेश र त्यहाँको जीवन शैलीलाई भिडियोमा सुन्दर ढंगले देखाइएको छ ।

लक्ष्मण सुनारको निर्देशनमा बनेको यस फिल्ममा प्रकाश र सुहानासहित सौगात मल्ल, सिर्जना अधिकारी, किशोर भण्डारी, शंकर आचार्य, सरिता भण्डारी, कुल बहादुर अधिकारी, मन्जिला बाँनिया लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । हरिओम सिने मेकर्सका सुशील पोखरेल लगानीकर्ता रहेको फिल्ममा सुशील देवकोटाको पटकथा तथा संवाद लेखन छ । आधुनिक कथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको 'नासो' कथासंग्रहमा संग्रहित चर्चित कथा 'परालको आगो'बाट प्रेरित भनिएको यस फिल्ममा संकल्प भुजेलको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन, कनाल कँवरको रंग संयोजन तथा शान्ती ठटाल, सत्य-स्वरुप र प्रकाश सपूतको संगीत रहेको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



### ओली र लेखक पक्राउबारे काँग्रेस: सरकारले विधिको शासनविपरित काम गर्‍यो

# ओली पक्राउपछि तनाव:आक्रोशित कार्यकर्ता सडकमा

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रहरीले नियन्त्रणमा लिएसँगै मुलुकको राजनीतिक परिस्थिति तरंगित बनेको छ ।

अध्यक्ष ओली पक्राउ परेसँगै एमालेका भ्रातृ संगठन र समर्थकहरु राजधानीलगायत देशभरका प्रमुख सहरमा सडक प्रदर्शनमा उत्रिएका हुन् । अध्यक्ष ओलीलाई गुण्डुस्थित निवासबाट शनिवार बिहान प्रहरीले नियन्त्रणमा लिएको थियो । ओली पक्राउ परेलगत्तै काठमाडौंको भृकुटीमण्डप र पार्टी केन्द्रीय कार्यालय च्यासलसहित देशभरका विभिन्न स्थानमा एमाले निकटका युवा संघ र अनेरास्ववियुका कार्यकर्ता भेला भएका छन् । प्रदर्शनकारीले सरकारविरोधी नाराबाजी गर्दै तत्काल ओलीको रिहाइको माग गरेका छन् ।



पार्टी केन्द्रीय कार्यालय अगाडि टायर बालेर सडक अवरुद्ध गरियो भने जेनजी प्रदर्शनको अनुसन्धान गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ प्रतिवेदन जलाएर विरोध गरिएको छ । स्थितिलाई नियन्त्रणमा लिन गृह मन्त्रालयले सुरक्षा निकायलाई उच्चशतर्कतामा रहन निर्देशन दिएको छ । पूर्वप्रधानमन्त्री र ठूलो राजनीतिक दलको अध्यक्ष पक्राउ पर्नुले नेपाली राजनीतिमा दूरगामी असरपार्ने निश्चित देखिएको छ । राजनीतिक विश्लेषकका अनुसार यो घटनाले सत्ता पक्ष र प्रतिपक्षबीचको दूरीलाई चरमसीमामा पुर्‍याउनेछ । एमालेले संसदको आगामी बैठक पूर्णरुपमा ठप्प पार्ने र सरकारलाई असहयोग गर्ने रणनीति लिन सक्छ ।

यो घटनाले राजनीतिक दलबीच थप ध्रुवीकरण बढाउनेछ । प्रतिपक्षी दलले सरकारको यो कदमलाई निरंकुशताको संकेतकारुपमा चित्रण गर्दै कार्यगत एकता गर्नसक्ने सम्भावना छ । मुलुकमा लामो समयदेखि चल्दै आएको राजनीतिक अस्थिरता यो घटनापछि थप जटिल मोडमा पुग्नसक्छ । जसले आम नागरिकमा निराशा पैदागर्ने देखिन्छ । सरकारले कानूनी राज्यको दुहाई दिइरहँदा प्रतिपक्षले यसलाई राजनीतिक प्रतिशोधको रुपमा लिएको छ ।

**ओली र लेखक पक्राउबारे काग्रेस: सरकारले विधिको शासनविपरित काम गर्‍यो**

नेपाली काँग्रेसले जेनजी आन्दोलनको छानवीन गर्न गठित उच्चस्तरीय छानबीन आयोगको प्रतिवेदन अपारदर्शी र एकपक्षीय रहेको निष्कर्ष निकालेको छ ।

शनिवार नवनिर्वाचित प्रतिनिधि तथा राष्ट्रियसभाका सदस्यहरुका लागि आयोजित संसदीय सचेतना कार्यक्रममा पार्टीले यस्तो निष्कर्ष निकालेको पार्टी प्रवक्ता देवराज चालिसेले जानकारी दिएका छन् । चालिसेले प्रतिवेदन कार्यान्वयनको नाममा सरकारले विधिको शासन विपरीत काम गरेको टिप्पणी गरेका छन् । उनले सञ्चारमाध्यमबाट सार्वजनिक भएका प्रतिवेदनका अंशले भदौ २३ गतेको दमनलाई बढावा दिएको र भदौ २४ गतेको घटनालाई पूर्णत:नजरअन्दाज गरेको बताए । उनले पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेर सरकारले सेलेक्टिभरुपमा प्रतिवेदन कार्यान्वयन गर्न खोजेको कांग्रेसको जिकिर गरे ।

हतारमा पक्राउ गर्ने तर, घटनाको गहिराइमा नपुग्ने कार्यले न्याय पाउने प्रक्रियालाई झन गिजोल्ने उनको निष्कर्ष छ । 'प्रतिवेदन जसरी बाहिर आएको छ त्यो अपादर्शी छ । अहिलेसम्म पनि सरकारले विधिसम्मत ढंगले प्रतवेदन सार्वजनिक गरिसकेको छैन । सञ्चारमाध्यमबाट सार्वजनिक विषयहरु हेर्दा प्रतिवेदनले भदौ २३ गतेको दमनलाई बढावा दिने र भदौ २४ गतेको घटनालाई नजरअन्दाज गरेको विषय प्रथम दृष्टिमै विधिको शासनविपरित र त्रुटिपूर्ण देखिन्छ । प्रतिवेदनमा भदौ २४ मा भएको घटनाको अनुसन्धान गर्न नभ्याएको भन्ने पनि आएको छ' उनले बताए ।

'त्यसो हो भने प्रतिवेदन एकपक्षीय छ र अपूर्ण छ । तत्कालीन प्रधानमन्त्री सुशीला कार्कीले प्रतिवेदनको अध्ययन गरी अभिलेखको रुपमा राखी सार्वजनिक गर्ने निर्णय गरेकोमा चैत १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले कार्की आयोगले कारबाही सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रको हकमा अध्ययन समिति गठन गरी सो बमोजिम गर्ने र अन्यको हकमा तत्काल कार्यान्वयन गर्ने भन्ने किसिमको निर्णय गर्नु र हतारमा पक्राउ गर्नुले भदौ २३ गतेको एउटै घटनामा पनि सरकारको व्यवहार चयनात्मक भयो' उनले भने ।

'सरकारको यस्तो सेलेक्टिव व्यवहार गलत छ । यसरी कानूनको विधि पालना नहुनुले अन्तत: न्याय पाउने प्रक्रियालाई झन गिजोल्ने देखिन्छ । सरकारले जेनजी आन्दोलनको निष्पक्ष अध्ययन गरी न्याय निरुपण गर्नुको सट्टा थप राजनीति गर्न खोजेको देखिन्छ' उनले बताए । जेनजी आन्दोलनको जाँचबुझ प्रतिवेदन कार्यान्वयन गर्ने निर्णयअनुसार प्रहरीले शनिवार बिहानै पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखकलाई पक्राउ गरेको थियो ।

# गाडी दुर्घटना हुँदा मकवानपुरमा तीनजना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ भीमफेदी-कुलेखानी-काठमाडौँ सडकको मकवानपुर भीमफेदी गाउँपालिका-६, एघारघुम्ती स्थित सडक खण्डमा हायस गाडी दुर्घटना हुँदा तीनजना घाइते भएका छन् ।

काठमाडौंबाट हेटौंडाका लागि आउँदै गरेको बा. ३ ख. ७८७६ नं.को हायस गाडी शनिबार दुर्घटना हुँदा तीन जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । गाडी ब्रेकफेल भई सडकको भित्तामा ठोक्किन गई दुर्घटना हुँदा तीनजना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिएका छन् । चालकसहित १० जना सवार रहेकोमा तीनजनालाई घाइते अवस्थामा उद्दार गरी उपचारको लागि हेटौंडा अस्पताल पठाइएको उनले बताए ।



घाइते हुनेमा उदयपुर जिल्ला त्रियुगा नगरपालिका-११, गाईघाटका वर्ष ८६ का गोरे राई, ६२ वर्षीया हर्कमाया राई र त्रियुगा-१०, गाईघाटका वर्ष ३५, ४० शम्भु कटुवाल रहेका छन् । गोरे राई गाडी ब्रेकफेल भई गाडीबाट हाम फाल्दा सोही गाडीको पछाडिको टायरले कुल्चिएर टाउकोमा चोट लागेको र अवस्था गम्भीर रहेको प्रहरीको भनाइ छ ।

गाडी ब्रेकफेल भई गाडीबाट हामफाल्दा घाइते भएकी हर्कमायाको निधार र दाहिने हातमा चोट लागेको तथा कटुवालको टाउकोमा चोट लागेको र दुवैको अवस्था मध्यम रहेको बताइएको छ ।

गाडीमा सवार बाँकी यात्रु आफूखुसी उपचारको लागि गएको र हायस चालक हाल सम्पर्कमा नरहेको प्रहरीले जनाएको छ ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/१२/१२ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक-* गणेश बहादुर घर्ती (आफै) *जग्गावाला-* गणेश बहादुर घर्ती (आफै

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ४ को गणेश बहादुर घर्तिको नाममा नापी नक्सा भएको तपशिलको जग्गा भोर्ले मौजाको रैती नं. ४ को रैती फिल्डबुकवालाको बाजे तिलक बहादुर घर्तिको नाममा साविक भोग लगत कायम भई दर्ता गर्न छुट भएकोमा निज लगतवाला तिलक बहादुर घर्तिको मिति २०४३/०९/०५ मा र निजकी एक मात्र पत्नि पुतली माया घर्तिको पनि मिति २०२४/०९/०८ मा मृत्यु भएको र निजहरुबाट जाय जन्म भएको ३ जना छोराहरु मध्ये जेठो छोरा खड्ग बहादुर घर्ती भएकोमा निजको पनि मिति २०३३/११/१० मा मृत्यु भएको र निजकी एकमात्र पत्नि चमेली घर्तिको पनि मिति २०२४/१०/१५ मा मृत्यु भईसकेको र निजहरुको हकखाने हकदादारहरुमा एक मात्र छोरा फिल्डबुकवाला गणेश बहादुर घर्ति मात्र भएको साथै लगतवालाको माहिलो छोरा भैरव बहादुर घर्ति भएकोमा निजको पनि मिति २०७१/१२/२५ मा मृत्यु भएको र निजको हकमा हकखाने एक मात्र पनि साननानी घर्ती तथा लगतवालाको कान्छो छोरा भक्त बहादुर घर्ति भएको र लगतमा तिलक बहादुर घर्ती र फिल्डबुकमा बुवाको नाम तिल बहादुर मात्र भएकोमा दुवै नाम गरेको व्यक्ति फिल्डबुकवालाका बुवा गणेश बहादुर घर्तिको बाजे तिलक बहादुर घर्ति नै भएको र उल्लेखित जग्गा साविकदेखि हालसम्म पनि निरन्तर रुपमा फिल्डबुकवाला गणेश बहादुर घर्ति लगायत तिलक बहादुर घर्तिको नजिकका जिवित हकदारहरुले भोग चलन गरी हकभोग गर्दै आएकोले साननानी घर्ती र भक्त बहादुर घर्तिको मंजुरीले निवेदक फिल्डबुकवाला गणेश बहादुर घर्तीको नाममा एकलौटी छुट जग्गा दर्ता गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. २९९९ मिति २०८२/१०/०६ को हकभोग, हकदार तथा तिल बहादुर र तिलक बहादुर घर्ती फरक-फरक नाम भएको व्यक्ति एकै व्यक्ति भएको व्यहोरा समेत खुलि आएको छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, मृत्यु प्रमाणित पत्र, का.वा. पत्र, मंजुरीनामा, नाता प्रमाणित प्रमाण पत्र, नागरिकता प्रमाणपत्र, साविक भोग लगत, फिल्डबुक र प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी द.नं./मि.नं. २३६ मिति २०८२/१०/०६ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी दिने भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक तथा मंजुरीकर्ताहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/ निवेदक | |
| १ | गणेश बहादुर घर्ती गा.प. हटिया वडा नं. ४ बाबु-खड्क बहादुर बाजे-तिल बहादुर | हटिया | ४ | ११२१ | ०-१५-१३.५ | गणेश बहादुर घर्ति | जि.म. हटिया पं. भोर्ले मौजाको रैती नं. ४ को रैती तिलक बहादुर घर्ति |

*ईति संवत २०८२ साल चैत्र महिनाको १२ गते रोज ५ शुभम्..................।*

## विमा पोलिसी हराएको सूचना

मिति २०८२ माघ १५ गते हेटौंडा -१ पिपलबोट आसपास मेरो निम्न व्यहोराको जीवन विमालेख (पोलिसी) हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**विमा कम्पनीको नाम:** लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. (LIC)
**विमालेख (पोलिसी) नम्बर:** 250820010
**विमितको नाम:** कल्पना पौडेल
**विमितको ठेगाना:** हेटौंडा-१, पिपलबोट
**सम्पर्क नम्बर:** ९८६५०३२००६




## मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं ।

☞ मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
☞ मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
☞ प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
☞ जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
☞ वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
☞ ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
☞ वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

*वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना